म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- २५३ २०८० साउन २३ गते मंगलबार 8 August 2023, Tuesday - पृष्ठ ८ मूल्य रु. ५/-

**भू–क्षय न्यूनीकरणका उपाय अपनाऔं**

- वस्तीको माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- घरभित्र वा वरिपरीको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- जमिन चिरा परेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं ।

भू–क्षयबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# उच्च अदालतमा मुद्दा फछ्र्यौट बढ्दो



समाज संवाददाता

हेटौंडाः उच्च अदातल पाटन, हेटौंडा इजलासले गत आर्थिक वर्ष २०७९/०८० को प्रगति विवरण सार्वजनिक गरेको छ। सोमबार पत्रकारसँग अन्तरक्रिया गर्दै अदालतले गत आर्थिक वर्षको प्रगति विवरण सार्वजनिक गरेको हो ।

सार्वजनिक प्रगति विवरणअनुसार अदालतले मुद्दाको फछ्र्यौट दर बढाएको देखिएको छ। अदालतले गत आर्थिक वर्ष २०७९/०८० मा १ हजार ३ सय १२ मुद्दा फछ्र्यौट गरेको छ। फछ्र्यौट हुनेमा पुनरावेदन १ हजार ७१ वटा, सुरु मुद्दा १ सय ३६ वटा, रिट र निषेधाज्ञा १ सय ५ वटा रहेका छन् । अब ४ सय २९ मुद्दा फछ्र्यौट गर्न बाँकी छ ।

गत आर्थिक वर्षमा अदालतमा १ हजार ७ सय ४१ मुद्दा रहेको थियो । अघिल्लो आर्थिक वर्ष २०७८/०७९ बाट ५ सय ४५ वटा मुद्दाको दायित्व सरेर आएको थियो भने १ हजार १ सय ९६ मुद्दा नयाँ दर्ता भएको थियो। गत आर्थिक वर्षमा सबैभन्दा बढी लागूऔषधको २ सय ८९ मुद्दा परेको थियो भने सबैभन्दा कम राहदानी र विनिमयका एक-एक वटा मुद्दा परेका थिए ।

उच्च अदालत पाटनको हेटौंडा इजलासले मकवानपुर र चितवन जिल्लाको मुद्दा हेर्ने गर्दछ । अदालतले आर्थिक वर्ष २०७७/०७८ मा १ हजार ४५ मुद्दामध्ये ८ सय २६ मुद्दाको फछ्र्यौट गरेको थियो । यस्तै, आर्थिक वर्ष २०७८/०७९ मा १ हजार ८ सय २९ मुद्दामध्ये १ हजार २ सय ४८ मुद्दामात्र फछ्र्यौट गरेको थियो ।

अदालतले चालु आर्थिक वर्षमा १ हजार २ सय ६७ मुद्दा दर्ता हुने अनुमान गरेको छ भने १ हजार १ सय ४ मुद्दाको फछ्र्यौट गर्ने लक्ष्य लिएको छ । दरबन्दीअनुसार ७ न्यायाधीशले १ सय ५७ वटाका दरले मुद्दा फछ्र्यौट गर्ने लक्ष्य अदालतले लिएको छ ।

अदालतका न्यायाधीश अब्दुल अजिज मुसलमानको सभाध्यक्षतामा भएको अन्तरक्रियामा न्यायाधीशहरु राजेश्वर तिवारी, मेरिना श्रेष्ठ, निर्मला शाक्य र जगदीशप्रसाद भट्टलगायतको आतिथ्य रहेको थियो ।

# लागुऔषधसहित कलमा पक्राउ

समाज संवाददाता

हेटौँडाः लागुऔषधसहित बीरगन्ज महानगरपालिका-१५ की ५० वर्षीया कलमा खातुनलाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ । सोमबार दिउँसो २ बजेर १५ मिनेटको समयमा पूर्वपश्चिम राजमार्गअन्तर्गत हेटौँडा-१५, पिपलचौतारामा प्रहरीले बीरगंजबाट हेटौँडा आउँदै गरेको ना २८ प ७७२ नम्बरको मोटरसाइकललाई रोक्ने प्रयास गरेको थियो ।

प्रहरीले सुरक्षाजाँच गर्न खोज्दा फर्किएर बीरगन्जतर्फ नै भागेको मोटरसाइकललाई पूर्वपश्चिम राजमार्गअन्तर्गत नै मकवानपुर र बारा जिल्लाको सिमाना चुरियामाई मन्दिरमा नियन्त्रणमा लिन सफल भएको थियो । मोटरसाइकल र मोटरसाइकलमा सवार कलमालाई पक्राउ गरे पनि प्रहरीले मोटरसाइकल चालकलाई भने नियन्त्रणमा लिन सकेन । कलमाको साथबाट प्रहरीले १०० मिलिलिटरको वानरेक्स २३० बोतल बरामद भएको जनाएको छ। फरार मोटर साइकलकको खोजी कार्यका साथै घटनाको अनुसन्धान जारी राखेको प्रहरीले उल्लेख गरेको छ ।

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

# पाण्डेलाई कारवाही गर्न माग गर्दै हेटौँडामा प्रदर्शन



*हेटौँडामा प्रदर्शन गर्दै जनजाति समुदाय ।*

समाज संवाददाता

हेटौँडाः तामाङ र मगर समुदायको संस्कारको विषयमा भ्रम फैलाएको भन्दै अधिवक्ता भगवती पाण्डेलाई कारवाहीको माग गर्दै हेटौँडामा तामाङ र मगर समुदायले प्रदर्शन गरेका छन् । पाण्डेले मानवअधिकार उल्लंघन गरेको भन्दै जिल्ला प्रशासन कार्यालय मकवानपुरमा तामाङ समुदाय र मगर समुदायले बिरोध प्रदर्शन गर्दै ज्ञापनपत्र बुझाएका छन् ।

एक टेलिभिजन कार्यक्रममा तामाङ र मगर सामुदायमा दिदीबहिनी, दाजुभाइ बीच वैवाहिक सम्बन्ध हुने अभिव्यक्ति दिएकी अधिवक्ता पाण्डेलाई कारवाहीको माग गर्दै शान्तिपूर्ण विरोध प्रदर्शनी गरी ज्ञापनपत्र बुझाएको हो। नेपाल आदिवासी महासंघ जिल्ला समन्वय परिषद् मकवानपुरका अध्यक्ष जङग बहादुर गुरुङले जातीय रुपमा आरोप लगाउने कार्यको विरोध गरिएको बताउनुभयो । सोमबार जनजाति समुदायले देशभर प्रदर्शन गरेका छन् । पाण्डेलाई कारवाही गर्न प्रहरीमा उजरी समेत दर्ता भइसकेको छ ।

# डेङ्गु संक्रमणबाट बचन सतर्कता अपाउन छलफल

समाज संवाददाता

हेटौंडाः लामखुट्टेको टोकाईबाट लाग्ने डेङ्गु रोग नियन्त्रणबारे जिल्लास्तरीय अन्तरक्रिया भएको छ। सोमबार जिल्ला प्रशासन कार्यालय मकवानपुरको सभाहलमा सरोकारवाला निकाय र विभिन्न सामाजिक संघसंस्थाहरुको अन्तरक्रिया भएको हो ।

अन्तरक्रियामा बोल्नुहुँदै मकवानपुर का प्रमुख जिल्ला अधिकारी सूर्य प्रसाद सेढाईले डेङ्गुबाट बेलैमा सबै सचेत भएर बस्नुपर्ने बताउनुभयो। देशका अधिकांश सहरहरुमा अहिले डेङ्गु संक्रमणको अवस्था बढ्दै गइरहेकोले मकवानपुरमा पनि डेङ्गु रोकथामबारे पूर्वतयारी गर्नुपर्ने अवस्था रहेको बताउनुभयो। उहाँले सबै स्थानीय तह, वडा र टोल विकास समुहहरुले अहिले डेङ्गु रोकथामबारे घरघरमा सचेत गराएमा डेङ्गु रोकथाम गर्न सकिने बताउनुभयो । लामखुट्टेको टोकाइबाट बच्नु नै यसको मुख्य उपाय रहेको बताउनुहुँदै उहाँले लामखुट्टे हुर्कने जमेको फोहोर पानीमा समयमै किट छर्नुपर्ने बताउनुभयो ।

यस्तै स्वास्थ्य कार्यालय मकवानपुरका सूचना अधिकारी लक्ष्मण घिमिरेले मकवानपुरमा अहिले डेङ्गु रोगको अवस्थाबारे जानकारी गराउनुभयो। यस आर्थिक वर्षको साउन १ गतेदेखि सोमबार सम्म ६५ जनामा डेङ्गु संक्रमण देखिएको उहाँले बताउनुभयो । अहिले दैनिक ३ देखि ४ जनाले मात्र डेङ्गु परीक्षण गर्ने गरेका छन् । स्वास्थ्य कार्यालय मकवानपुरले कार्यालयमा दर्ता भएका करिब ३८ भन्दा बढी सरकारी र नीजि संस्थाबाट परीक्षण गरिएको तथ्यांक राख्ने गरेको उहाँले बताउनुभयो ।

यस्तै हेटौंडा अस्पतालका मेडिकल सुपरिटेन्डेन डा. रामचन्द्र सापकोटाले सबै स्थानीय तहले समयमा डेङ्गुबारे सचेत रहन बेलैमा सतर्कता अपनाउन आग्रह गर्नुभयो। उहाँले अस्पतालमा गत वर्षमा अस्पतालको बेड क्षमताभन्दा बढी विरामी भएकाले अहिले बेलैमा सबै सचेत हुनुपर्ने बताउनुभयो। यस्तै रेडक्रस सोसाइटी मकवानपुरका सभापति लाल बहादुर थापाले जिल्लामा रहेका संस्थाका २८ उपशाखाहरुले डेङ्गु रोग रोकथामबारे सचेतना कार्यक्रम गरिरहेको बताउनुभयो। उहाँले भदौ, असोज र कात्तिक महिनासम्म संस्थाले डेङ्गुबार सचेतना कार्यक्रम गर्ने बताउनुभयो ।

यस्तै हेटौंडा उपमहानगरपालिकाका जनस्वास्थ्य प्रमुख भोलाप्रसाद चौलागाईले डेङ्गु रोकथाम गर्न उपमहानगरपालिकाले यस वर्ष पनि बजेट राखेर कार्यक्रम सुरु गरेको बताउनुभयो। उहाँले अहिले डेङ्गु रोगबारे जनमानसमा त्रास उत्पन्न भएको पाइएकोले नआत्तिकन लामखुट्टेको टोकाइबाट बच्न आग्रह गर्नुभयो। अबको ३ महिना डेङ्गुको प्रभाव रहने सक्ने उहाँले बताउनुभयो । अन्तरक्रियामा सहायक प्रमुख जिल्ला अधिकारी नेत्र प्रसाद शर्मा, मकवानपुरका प्रहरी प्रमुख प्रहरी उपरीक्षक सीताराम रिजाल र मकवानपुर उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल लगायतको उपस्थिति रहेको थियो ।


गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



सम्पर्क ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौँडा-१, ब्लडबैंकअगाडि




हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी

हेटौँडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

स्वादिष्ट नेवारी खाजा

अब




होटल बासुकला (फास्टफुड) मा

- स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
- नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

## सम्पादकीय

# कृषि वस्तुको मूल्य निर्धारण

नेपाललाई कृषिप्रधान देश भनिने गरे पनि यहाँको कृषि उत्पादन र बजार मूल्यको कुनै निश्चितता हुँदैन । कुनै पनि कृषि उत्पादनको उचित मूल्य निर्धारणको कुनै मापदण्ड वा ग्यारेन्टी पाइँदैन । केही दिनकै अन्तरालमा कृषि उत्पादनको मूल्यमा व्यापक उतारचढाव आउने गर्दछ । मौसमी र तिब्र नाशवान प्रकृतिका कृषि वस्तुको मूल्यमा उतारचढाव आउनु स्वभाविक भए पनि सधैंभर एकनाशजस्तै उत्पादन हुने कृषि वस्तुको मूल्यमा एकदम उतारचढाव हुनुलाई स्वभाविक मान्न सकिँदैन । पछिल्लो समय गोलभैंडाको बजार मूल्यले यस्तै संकेत देखाइरहेको छ । एक साताको बीचमा गोलभैंडाको बजार मूल्य ८० देखि एक सय रुपैयाँको हाराहारीबाट २ सय रुपैयाँ आसपास पुगेको छ । एक महिनाको अन्तरालमा गोलभैंडाको मूल्य १० गुणाभन्दा बढी बढेको छ । पछिल्लो समयमा नेपाली गोलभैंडा भारत निर्यात भएकाले मूल्य वृद्धि भएको भनिए पनि यो बढाइ क्षणिकमात्रै हो । केही समयपछि फेरि गोलभैंडाको मूल्य जसरी बढेको छ, त्यसरी नै घट्ने निश्चित छ ।

गोलभैंडाको मूल्यवृद्धि भइरहँदा बजारमा अदुवाको मूल्यमा भने गिरावट आइरहेको छ । नेपालबाट भारतलगायत अन्य देशमा निर्यातको राम्रो सम्भावना भएको अदुवाको मूल्य निरन्तर ओरालो लागिरहेको छ । मुलुकको बढ्दो व्यापार घाटा कम गर्न सहयोगी हुनसक्ने अदुवा निकासीको उचित व्यवस्था नहुँदा यसको मूल्य घटेको बताइएको छ । वर्षा लागेसँगै अदुवाको थोक बिक्री मूल्य घटेको छ । करिब एक महिना अघिसम्म अदुवाको मूल्य बढेर त्रसित बनेका उपभोक्तालाई अहिले मूल्यमा गिरावट आएपछि केही राहत भएको भए पनि यसबाट अदुवा उत्पादक किसान भने मारमा परेका छन् । प्रतिकेजी ३ सय ५० रुपैयाँभन्दा बढीसम्म अदुवाको मूल्य पुगेको भए पनि अहिले दुई सय रुपैयाँको हाराहारीमा अदुवा बिक्री भइरहेको छ । अदुवा खेतीका लागि उर्वर भूमि मानिएको मकवानपुर जिल्लामा फागुन चैतमा अदुवा रोप्ने गरिएको छ । बैशाख, जेठमा माउ अदुवा झिकेर बेच्ने किसानले माघ, फागुन महिनामा नयाँ अदुवा खन्ने गर्छन् । अदुवा उत्पादन हुने मुख्य सिजनमा प्रतिकेजी ५० रुपैयाँभन्दा कममै अदुवा बिक्री हुने गर्दछ ।

मकवानपुरको अदुवा देशका अन्य सहरका साथै भारतमा समेत निर्यात हुने गरेको छ । अदुवा निर्यातमा भारतले समय-समयमा अवरोध गर्ने गरेका कारण व्यापारी तथा किसानहरु मारमा पर्ने गरेका छन् । सस्तो मूल्य र मीठो स्वादका कारण भारतीय बजारमा नेपाली अदुवाको माग उच्च हुँदाहुँदै पनि नेपालबाट अदुवा निर्यातको उचित वातावरण बनाउन नसक्दा व्यापारी तथा किसानले अरबौं रुपियाँ घाटा सहनु परिरहेको छ । यस्तो नियति सबै प्रकारका कृषि उत्पादनमा नेपालीले भोग्नु परेको छ । सरकारले हरेक कृषि उत्पादनमा न्यूनतम मूल्य निर्धारण गरेर उक्त मूल्यमा व्यापारीले खरिद नगरेमा सरकारले किन्ने ग्यारेन्टी नभएसम्म कृषि उत्पादनको मूल्यमा उतारचढाव भइरहने निश्चित छ । यस्तो हुँदा कहिलेकाहीं कुनै किसानले राम्रो मूल्य पाउने भए पनि त्यसको मार अधिकांश किसान र उपभोक्ताले सहनुपर्छ ।

सामान्यतया मागभन्दा आपूर्ति कम भएपछि वस्तुको बजार मूल्य वृद्धि हुन्छ । जुनबेला कृषि वस्तुको आपूर्ति कम हुन्छ, त्यसबेला राम्रो मूल्य पाएपछि किसानहरु सोही वस्तुको खेतीमा आकर्षित हुँदा उत्पादन बढी भएर मागको तुलनामा आपूर्ति बढी हुन पुग्छ । यसले उत्पादित वस्तुको मूल्य घट्छ भने उत्पादन बिक्री हुने ग्यारेन्टी पनि हुँदैन । यस्तो अनिश्चितताबाट किसानलाई निर्धक्क बनाउन सरकारले कृषि उत्पादनको न्यूनतम मूल्य तोकेर उक्त मूल्यमा खरिद-बिक्रीको जिम्मेवारी लिनु आवश्यक देखिन्छ । यसो भएमा किसान, व्यापारी र उपभोक्ता कोही पनि मारमा पर्दैनन् । मागभन्दा आपूर्ति बढी भएर बजार मूल्यभन्दा बढी किसानलाई भुक्तानी गर्नुपर्ने अवस्थामा त्यस्ता कृषि उत्पादनको उचित भण्डारण वा प्रशोधनको व्यवस्था हुनुपर्छ । यसका लागि तीनै तहको सरकारले निजी क्षेत्रका व्यवसायी वा सहकारी संस्थासँग साझेदारी गर्नु उचित हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : स्वास्थ्यमा संकट देखा पर्ने समय योग छ ।
**वृष** : स्मरण शक्तिमा बृद्धि र पराक्रममा बृद्धि होला ।
**मिथुन** : बोलीको प्रभाव बढ्ने भएकाले सफलता प्राप्त ।
**कर्कट** : पराक्रमले काममा सुधार आउने योग देखिन्छ ।
**सिंह** : बोल्दा विचार पुर्‍याउनु पर्ने समय योग छ ।
**कन्या** : समय अनुकुल भएकाले तपाईंको पक्षमा जित होला ।
**तुला** : समय चिन्ताले सताउने योग देखिन्छ ।
**वृश्चिक** : प्रयत्नले काममा सफलता प्राप्ति योग छ ।
**धनु** : भाग्यले साथ दिने समय योग रहेको देखिन्छ ।
**मकर** : धार्मिक कार्यमा रुचि बढ्ने समय योग छ ।
**कुम्भ** : अस्वस्थता र नैराश्यता बढ्ने समय छ ।
**मीन** : व्यापार- व्यवसायमा बृद्धि हुने समय योग छ ।

# वैश्विक समस्याको स्थानीय प्रभाव ?



**सन्तोष पौडेल**

जनसंख्या वृद्धिलाई हामी केवल समस्याको रुपमा बुझ्दै आएका छौं । हामीलाई विद्यालयस्तरमा यसैगरी पढाइयो पनि । हाम्रा पाठ्यक्रमले बढ्दो जनसंख्यालाई समस्त समस्याको जड सरह अर्थ्यायो पनि ।

तर अबका दशक यसको विपरीत हुँदैछ । अब भने घट्दो जनसंख्या विश्वका अधिकांश विकसित देशहरुमा भने समस्या बन्दै गएको तथ्य छ । अर्थतन्त्रसँग जनसंख्याको प्रत्यक्ष सम्बन्ध हुन्छ । चाहे त्यो उत्पादक शक्ति अर्थात् मजदुरको रुपमा होस् वा बजारकै रुपमा किन नहोस् । सामान्यतः जनसंख्या भन्नु नै बजार हो। बजार घटेसँगै अर्थतन्त्र घट्छ। बढेसँगै बढ्छ ।

दक्षिणएशियाका भारत, बङ्गलादेश, पाकिस्तान र अफ्रिकी मुलुकमा जनसंख्या बढ्ने देखिएता पनि विकसित देशमा नयाँ जन्मने मानिसको सङ्ख्या घट्दो छ भने सोही अवधिमा मृत्यु हुनेको सङ्ख्या बढी छ । बजार जोगाइराख्न र भएका उद्योग, व्यवसाय, सेवा क्षेत्र धान्न पनि उनीहरुको लागि बाहिरबाट मान्छे ल्याउनु अति आवश्यक देखिन्छ ।

घट्दो जनसंख्याले अर्थतन्त्रलाई स्टाग्नेसन (स्थिरता) तर्फ लिएर जान्छ । रियल स्टेट कारोबारमा त सोझै गिरावट ल्याउँछ । अर्थात् क्रेताको सङ्ख्या कम हुँदै जान्छ। युरोपका अधिकांश रोमानिया, ग्रीस, हङ्गेरी जस्ता विकसित कहलिएका देशहरुमा जनसंख्या अहिले १०-१५ प्रतिशतसम्म ह्रास आएको तथ्याङ्क छ। जापान जस्ता देशले समेत यस्तो प्रकारको समस्या भोगिरहेका छन् ।

सन् २०२३ मा क्यानाडामा प्रति हजार व्यक्तिमा जम्मा १० जना नयाँ बच्चा जन्मिने प्रक्षेपण गरिएको छ । सोही कारण क्यानाडाले सन् २०२४ सम्ममा १० लाख आप्रवासी भित्र्याउने निर्णय गरेको छ । अबका दिनमा यस्तै प्रकारको निर्णय अन्य देशले पनि गर्दै जानेमा कुनै शंका नै छैन ।

विकसित देशमा जनसंख्या वृद्धि ऋणात्मक हुँदा हाम्रो जस्तो विकासोन्मुख, राजनीतिक अस्थिरताले गिजोलिएको देशलाई कस्तो असर गर्ला त ? आउनुहोस् त्यो बारेमा चर्चा गरौं ।

हामीले स्कुलदेखि नै जनसंख्या नियन्त्रणका बारेमा पढ्दै आयौं तर हामीले कहिल्यै अर्थतन्त्र र जनसंख्याको सम्बन्धका बारेमा पढ्यौं ? या हामीलाई पढाइएन ? यसले दीर्घकालमा अर्थतन्त्रमा के कस्तो प्रभाव पार्छ भन्ने कुरा व्यापक रुपमा पढाइनुपर्थ्यो तर त्यसो गरिएन । पछिल्लो तथ्याङ्क अनुसार नेपालको प्रजनन दर १.४८ प्रतिशत प्रति महिला रहेको छ जबकि सन्तुलन कायम राख्नको निम्ति २.१० प्रतिशत हुनु आवश्यक छ ।

यसैमा विकसित मुलुकले आप्रवासी भित्र्याउने क्रम बढाइरहँदा नेपालको अर्थतन्त्र बुम हुने बेलामा सोही कारणले मन्दीतर्फ जान सक्ने अवस्था सिर्जना हुँदैछ । छिमेकी देश भारत र चीन सोही जनसाङ्ख्यकीय लाभका कारण विश्वको पहिलो र दोस्रो अर्थतन्त्र बन्ने क्रममा छन् ।

रेमिटेन्स प्रवाह र सेवा क्षेत्रले धानेको अर्थतन्त्रलाई उत्पादनतर्फ डाइभरसिफाई (विविधीकरण) गर्न नसक्दा नयाँ पुस्ता तेस्रो मुलुकतर्फ पलायन हुँदैछ । पुरानो नेतृत्वलाई अझै पनि ठिकठाक चलिरहेको छ भन्ने छ वास्तविक इस्सू (मुद्दा) के हो भन्नेसम्म ख्याल छैन ।

आज जसरी पहाडका गाउँ रित्तिँदै छन् त्यसरी भोलि शहर पनि रित्तिँदै जानेछ जसले गर्दा रियल स्टेटको मार्केट अझै खुम्चिँदै जाने स्थिति छ । अहिलेको आर्थिक संकुचन कोभिड, युक्रेन वार या डलर सञ्चितिसँग मात्रै सम्बन्धित छैन ।

यहाँ हाम्रो नेतृत्वलाई जनसंख्या भनेको बजार हो, जनसंख्या घट्दा बजार घट्छ भन्नेसम्म ख्याल नभएको प्रतीत हुन्छ । राज्यको गलत शिक्षा नीतिका कारण नयाँ पुस्तामा आफ्नो संस्कृतिप्रति आत्मविश्वास छैन, जुन कुरा व्यक्तिसँगै समाजको विकासका निम्ति अपरिहार्य छ ।

वैश्विक इस्यूमा हामीले स्थानीय समाधान खोज्नुपर्नेछ तर यस्तो बेलामा हाम्रो स्थिति नाजुक छ । राज्यका अवयवहरु धरासायी छन् । पहिलो त नीतिगत तहमा नै भ्रष्टाचार छ । अर्को कुरा सही नीति निर्माण भयो भने पनि कार्यान्वयन गर्ने निकायहरु मक्किएका छन् ।

हाम्रो देशले के नीति बनाउँछ भन्दा पनि, बाहिरकोले बनाउने रणनीति तथा नीतिको लयमा हामी बगिरहेका छौं । यदि युरोप, अमेरिका जस्ता देशले भिसा सहज गर्दिने हो भने नयाँ पुस्ताका केटाकेटी, अपवाद बाहेक धेरै नागरिक देशमा बस्नेवाला छैनन् ।

राज्यका डेलिभरी गर्ने निकाय समयानुकूल छैनन्, उदाहरणको लागि, तपाईं यातायात कार्यालय छिर्नुभयो भने आजको जस्तो सूचनाप्रविधिको जमानामा एउटा कोठाबाट अर्को कोठामा अर्कोबाट अर्को भनेर नै द्विविधामा पार्ने र बिचौलियाको पछि लाग्नुपर्ने स्थिति सिर्जना गरिदिने परिपाटी छ ।

यस्तो अवस्था सरकारी निकायका अधिकांश क्षेत्रमा छ । यो सानो विषय जस्तो लाग्ला तर यसले नयाँ पुस्ताका केटाकेटीलाई सरकारी कार्यालयप्रति नकारात्मक भावना पैदा गर्छ र जो कोही सरकारी काम भनेपछि नाक खुम्चाउने परिस्थिति छ ।

### सूचनाप्रविधि र विश्वव्यापीकरणको प्रभाव

नयाँ पुस्ता सूचनाप्रविधिको विषयमा धेरै अगाडि छ उनीहरुले खोजेको विषय र अपडेटेड कोर्सहरु हामीसँग छैनन् । सामाजिक सञ्जाल र इन्टरनेटको उपलब्धताले खोज र सिकाइको दायरा फराकिलो बनाएको छ । नयाँ पुस्ताका केटाकेटीको माग धान्न सक्ने क्षेत्रहरु हाम्रो देशमा विकास हुनसकेका छैनन् ।

अहिलेको परिवर्तनको गति रकेटको स्पिडमा छ, यस्तोमा हाम्रो गति नगन्य छ । विगतमा १० हजार वर्षमा भएको परिवर्तन पछिल्लो हजार वर्षमा र त्यो हजार वर्षको परिवर्तन पछिल्लो १०० वर्षमा हुँदै १० वर्षमा र हाल सूचनाप्रविधिमा भएको विकास आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को मद्दतले एकै वर्षमा चामत्कारिक परिवर्तन ल्याउँदैछ ।

प्लस टुपछिको पढाइ सर्टिफिकेट मार्कसिट भन्दा पनि सीप, त्यसको प्रयोग अनुसन्धानमा आधारित हुनु आवश्यक छ । पढाइ सकिएपछि कामको सिलसिलामा चाहिने सीप र दक्षता हो न कि सर्टिफिकेट । हाम्रो शिक्षा प्रणालीले सर्टिफिकेट पछाडि दौडाएको छ जुन एक हदसम्म सही भए पनि समयानुकूल छैन ।

आजको जस्तो विश्वव्यापीकरणको जमानामा व्यक्तिलाई देशभित्र सीमित गर्छु भन्नु युक्तिसंगत हुँदैन तर देश रित्तिने अवस्था सिर्जना हुनु र नेपाली या विदेशी जो-कोहीलाई पनि नेपालमा यो कुरा राम्रो छ त्यसको लागि नेपाल गन्तव्य हुनसक्छ भनेर प्राथमिकतामा नपर्नुलाई राम्रो मान्न सकिँदैन ।

छिमेकी बङ्गलादेश गार्मेन्टमा विश्वकै अग्रणी भएको छ, ताइवानलाई देश नमाने पनि चिप्स र सूचनाप्रविधिको कारण वैश्विक महत्व छ । दुवै मरुभूमिबाट पर्यटकीय गन्तव्य तथा शैक्षिक हबको रुपमा विकसित हुँदैछन् ।

### अब समाधान के त ?

देशका महत्वपूर्ण इसुहरुको हल केवल राज्यले मात्रै दिन सक्छ जसको लागि भिजन दूरदृष्टि भएको नेतृत्व चाहिन्छ, जसलाई ठिकठाक चलिरहेको भन्ने छ, उसले समस्या नै बुझ्दैन । ३०औं वर्षसम्म पेशेवर राजनीति गर्नेले पहिला आफ्नो पद, प्रतिष्ठा र पैसा खोज्छ न कि राज्यका समस्या र त्यसको समाधान । यहाँ व्यवस्था परिवर्तनलाई राजनीतिक मुद्दा बनाएकाहरुले नै सोही व्यवस्थालाई दुर्गन्धित पारिरहेका छन् ।

व्यवस्थाको सफलता भन्ने कुरा त्यसले निर्माण गर्ने नयाँ र सक्षम नेतृत्वसँग जोडिएको हुन्छ । केही नयाँ दलहरु संसदमा आए पनि आजका सवालहरु के हुन् ? ग्लोबल ट्रेन्ड के छ ? हाम्रो स्थिति कस्तो छ, आजका समस्या के हुन् भन्नेबारे पर्याप्त गृहकार्य नभएको तथा सोही अनुसार संसदमा प्रस्तुत हुन नसकेको जस्तो देखिन्छ ।

अबका दशकभित्र पनि हामी सुध्रिएनौं, नेतृत्वले सकारात्मक कदम चालेन, सो अनुसारको नेतृत्व निर्माण भएन भने थुप्रै सम्भावनाका बावजुद पनि नेपाल भन्ने एउटा देश थियो जहाँ एक जना पनि नेपाली बस्दैनन् भन्ने स्थिति आउन सक्छ !

*(स्रोतः अनलाईनखबर)*

# पूर्ण स्तनपानका मुख्य तीन समस्या



**डा. मेरिना श्रेष्ठ**

अगस्ट १ देखि ७ सम्म विश्वभर स्तनपान दिवस मनाउँदै आइएको छ ।

यसलाई नै अनुसरण गरेर नेपालमा पनि यस दिवस मनाउँदै गरेको सामाजिक सञ्जालमा प्रशस्त देखिन्छ ।

अझ मानौं होडबाजी नै चलेको छ ।

विभिन्न सरकारी अनि गैरसरकारी संघसंस्थाहरुले विभिन्न कार्यक्रम साताभर नै सञ्चालन गरेको पाइन्छ । अस्पतालहरुमा यस वर्षको नारा 'स्तनपानमैत्री कार्यस्थलको सुनिश्चितताः सबै सरोकारवालाको प्रतिबद्धता' लिखित ठूल्ठूला ब्यानर टाँगिएको पाइन्छ ।

यस्ता कार्यक्रमहरुले हामी सबै जनालाई झस्काइरहन्छ । हुन त हाम्रो देशको स्तनपानको आंकडा हेर्ने हो भने हरेक आमाले स्तनपान गराएको पाइन्छ ।

अनि किन चाहियो त यस्तो कार्यक्रम ? जब आमाले ६ महिनाको उमेरसम्म केबल स्तनपान मात्र गराएको हुन्छ तर पूर्ण स्तनपान (स्तनपानबाहेक अन्य कुनै बाह्य दूध वा खाद्य पदार्थ) गराउने आमाको आंकडा भने नेपालमा निकै कम पाइएको छ ।

स्तनपानको महत्व थाहा हुँदाहुँदै पनि आमाहरुले किन पूर्ण स्तनपान गराउन सकिराखेका छैनन् त ?

के वर्षको ५२ सप्ताहमध्य एक सप्ताह स्तनपानसम्बन्धी चेतनामूलक कार्यक्रमले आमाहरूको पूर्ण स्तनपान बढाउन सकिन्छ त ?

पूर्ण स्तनपानका समस्या र यसका केही पहल यहाँ केलाउन कोसिस गरेकी छु ।

१) स्तनपानको पहिलो चुनौती बच्चा जन्मेको पहिलो केही दिनबाट नै सुरु हुन्छ । एक त प्रसव पीडा, थकान अनि त्यसमाथि घाउको दुखाइ र स्तनपान अनुभवको कमी । यस्तो अवस्थामा सबभन्दा महत्वपूर्ण सहयोग परिवारका सदस्य र स्वास्थ्यकर्मीहरु हुन्छन् । यस्तो समयमा जब परिवार अनि डाक्टर, नर्स, स्वयंसेविकाले आमालाई हौसला दिन्छन्, सहयोग गर्छन् । तब स्तनपान सुरु गर्न सजिलो हुन्छ ।

यस समयमा आमा भावनात्मक र शारीरिक रुपमा कमजोर हुन्छन् । यस समयमा बढीभन्दा बढी स्नेह, साथ र सहयोगको जरुरी पर्छ । त्यसमाथि स्तनपानमा गाह्रो भइराख्दा सजिलैसँग अन्य बजारी दूधतिर आकर्षित हुनु सामान्य हो ।

हुन पनि परिवारका सदस्यहरुले आमालाई गाह्रो होला भन्ने हेतुले सजिलो बनाइ दिनका लागि फर्मुला दूधतिर लाग्ने गरेको पाइन्छ ।

एकपटक यस्ता कृत्रिम दूधतिर लागि सकेपछि फेरि फर्केर आमाको दूध सुरू गर्न केही धैर्यता चाहिन्छ । तसर्थ बच्चालाई केबल स्तनपानमात्र गराउनका लागि हरेक महिला अनि परिवार सबैले स्तनपानसम्बन्धी ज्ञान राख्नु जरुरी हुन्छ । त्यस्तैगरी, स्वास्थ्य केन्द्रहरुमा स्तनपानका लागि मात्र भनेर यससम्बन्धी सेवा विस्तार गर्नु पर्दछ । सुन्दा सरल भएता पनि स्तनपान स्थापनाका लागि समर्पित स्वाथ्यकर्मी, तिनका समय र कठिनाइ भएमा समाधानका लागि आवश्यक ज्ञान तथा व्यावहारिक कौशलता भएका स्वास्थ्यकर्मीहरूको व्यवस्थापन अहिलेको ठूलो चुनौतीभन्दा फरक नपर्ला ।

तसर्थ यसका लागि सम्बन्धित निकायले जबसम्म यसलाई प्राथमिकता दिँदैन तबसम्म 'नवजात शिशुलाई स्तनपान गराउनु पर्छ' भन्ने नारा केवल कागजमा मात्र सीमित रहन पुग्छ ।

२) दोस्रो चुनौती भनेको बजारमा छ्यापछ्याप्ती पाइने स्तनपान प्रतिस्थापन गर्ने वस्तुहरु (कृत्रिम पाउडर दूध/दूधदानी/बोतल/निप्पल) हुन् ।

पाउडर वा बट्टाका दूध केही सीमित अवस्थाहरु जस्तैः आमाको विमारी वा स्तनपान गराउन आमा नहुनु, बच्चाको केही जटिल स्वास्थ्य अवस्थामा मात्र आवश्यक पर्दछ । प्रायः सबैजसो आमाहरुले (अपरेसनपछि पनि) केही मद्धतपछि सजिलोसँग नै स्तनपान गराउन सक्छन् । तर कृत्रिम पाउडर दूधको प्रत्यक्ष/अप्रत्यक्ष विज्ञापन; आम जनमानसमा यसको सजिलोसँगको पहुँचले गर्दा पनि यसतर्फ आकर्षित भएको देखिन्छ ।

हुन त 'आमाको दूध प्रतिस्थापन गर्ने वस्तु (विक्री/वितरण नियन्त्रण) ऐन २०४९' अनुसार यसलाई विस्तृत रुपमा व्याख्या गरिएको छ तर बिडम्बना यस ऐन लागु गर्ने र कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी मन्त्रालयको मातहतमा रहेको स्तनपान संरक्षण तथा संवर्द्धन समिति पनि सक्रिय देखिँदैन ।

कतिपय अवस्थामा ऐन उल्लंघन भएको थाहा हुँदाहुँदै पनि सोको उजुरी कता दिने भन्ने कुरामा नै अन्यौल पर्ने गर्दछ । केही समयअघि केही गैरसरकारी संस्थाहरु र सरकारको समन्वयमा यस ऐनसम्बन्धी जनचेतनाका कार्यक्रम अघि बढाएको छ तर पनि प्रत्यक्ष रुपमा आमासँग काम गर्ने स्वास्थ्यकर्मीमाझ यी ऐनसम्बन्धी ज्ञान अपर्याप्त देखिन्छ । जानीनजानी यस्ता वस्तु वितरक अनि उत्पादकहरुको सञ्जालमा परी स्वास्थ्यकर्मी आफैंले पनि यस्ता वस्तुहरुको प्रयोगमा उत्प्रेरणा दिएको पनि बेला बखतमा देखिन्छ ।

'के साँच्चिकै बच्चालाई कृत्रिम दूधको आवश्यक छ त ? कतै मलाई कम्पनीले प्रयोग त गर्दै छैन ? भन्ने कुराहरु स्वास्थ्यकर्मीले बुझ्नु जरुरी हुन्छ

...बाँकी पृष्ठ ३ मा

## सामाजिक सुरक्षा भत्ताका १० लाख लाभग्राही थपिए

# चार गुणाले बढ्यो राज्यको आर्थिक दायित्व

काठमाडौं: पछिल्लो पाँच वर्षको अवधिमा सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही संख्या करिब १० लाखले बढ्दा सरकारले बेहोर्नुपर्ने आर्थिक दायित्व करिब चार गुणाले बढेको छ। चालु आर्थिक वर्षको बजेटमा सरकारले तलबभत्ता, प्रशासनिक खर्च, सामाजिक सुरक्षा, सार्वजनिक ऋणको साँवा-ब्याज भुक्तानीका लागि मात्रै १२ खर्ब ८० अर्ब बराबर विनियोजन गरेको छ। यी शीर्षकको खर्च सरकारको अनिवार्य दायित्व हो।

चालु आवका लागि १७ खर्ब ५१ अर्ब ३१ करोडको बजेट ल्याएको सरकारले सामाजिक सुरक्षातर्फ खर्च गर्नका लागि मात्रै कुल वार्षिक विनियोजनको ९ प्रतिशत अर्थात् १ खर्ब ५७ अर्ब ७३ करोड बराबर छुट्याएको छ। नागरिकको आर्थिक जोखिम न्यूनीकरण गर्न तथा उपभोगमा सहयोग पुऱ्याउने उद्देश्यले सरकारले गैरयोगदानमूलक कार्यक्रमका रूपमा सञ्चालन गर्दै आएको सामाजिक सुरक्षा भत्ता लिने लाभग्राहीको संख्या बढ्दो क्रममा देखिएको छ।

लाभग्राहीको संख्या बढेसँगै त्यसको दायित्व बहनका लागि सरकारलाई आर्थिक भार पनि क्रमशः बढ्दो क्रममा छ। सामाजिक सुरक्षातर्फ सरकारलाई बर्सेनि बढिरहेको दायित्वबारे गम्भीर भएर सोच्नुपर्ने र सामाजिक सुरक्षा कार्यक्रमलाई पुर्नपरिभाषित गर्नुपर्ने बेला आएको छ। राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. पुष्पराज कँडेल सामाजिक सुरक्षाका कार्यक्रमबाट राज्यलाई पर्न गएको भारलाई सन्तुलन र व्यवस्थित बनाउन आवश्यक भइसकेको बताउँछन्।

नेपालीको औसत आयु बढिरहँदा वृद्धभत्ता पाउने उमेर हद बढाउनुपर्ने र दोहोरो सुविधा हटाइनुपर्ने उनको भनाइ छ। 'नेपालीको औसत आयु बढेसँगै वृद्धभत्ता पाउने उमेर हद बढाउँदै लैजान आवश्यक छ। नक्कली बिल भरपाई बनाई दोहोरो सुविधा लिने लाभग्राहीलाई कडा सजायको व्यवस्था गरी राज्यको सम्पत्ति दुरूपयोग हुनबाट जोगाउनुपर्छ,' कँडेलले भने, 'लोककल्याणकारी राज्यमा सरकार सामाजिक सुरक्षाको दायित्वबाट अलग हुन सक्दैन। वास्तविक लाभग्राहीलाई भत्ताबाट बञ्चित नबनाउने र दुरुपयोगबाट जोगाउने काम सरकारले गर्नुपर्छ।'

पछिल्ला वर्षहरूमा निरन्तर बढ्दो क्रममा रहेको सामाजिक सुरक्षातर्फको दायित्वलाई व्यवस्थित गर्न भत्ता आवश्यक पर्ने लक्षित वर्गको पहिचान गरी त्यसको वितरण प्रणाली व्यवस्थित गर्न आवश्यक रहेको धारणा अर्थविद् डा. चन्द्रमणि अधिकारीको छ। सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही पहिचानमा राज्य चुकेको उनको बुझाइ छ। 'जसलाई सामाजिक सुरक्षा भत्ता आवश्यक छ सोही वर्गलाई जीवन धान्ने गरी दिनुपर्छ। आर्थिक रूपमा सम्पन्न वर्गलाई पनि भत्ता वितरण गरी राज्यमाथि आर्थिक भार थप्नु ठीक होइन। राज्यको अनिवार्य दायित्वको रुपमा रहेको सामाजिक सुरक्षा भत्तालाई अब नयाँ ढङ्गले सोच्न आवश्यक छ,' उनले भने।

### कति छन् लाभग्राही ?

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागअन्तर्गतको सामाजिक सुरक्षा शाखाका अनुसार आव २०७५/७६ मा सामाजिक सुरक्षा भत्ता पाउनेको संख्या २८ लाख २७ हजार ५ सय १८ थियो। गत आव २०७९/८० सम्म आइपुग्दा संख्या ३८ लाख २ सय ७७ जना पुगेको छ। यो तथ्यांक हेर्दा पछिल्लो पाँच वर्षमा सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको संख्या ९ लाख ७२ हजार ७ सय ५९ जनाले बढेको छ। सामाजिक सुरक्षा ऐन, २०७५ को पछिल्लो संशोधित व्यवस्थाअनुसार ज्येष्ठ नागरिक, आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका व्यक्ति, असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने, लोपोन्मुख जातिलाई सामाजिक सुरक्षा भत्ता पाउने अधिकार छ।

आव २०७६/७७ मा भत्ता पाउने लाभग्राही ३० लाख ६२ हजार २ सय २७ जना थिए। जुन अघिल्लो आवको तुलनामा २ लाख ३४ हजार ७ सय ९ जनाले बढी हो। त्यस्तै आव २०७७/७८ मा यस्तो संख्या ३४ लाख ५५ हजार ४ सय ४६ जना पुगेको देखिन्छ। जुन त्यो भन्दा अघिल्लो आवको तुलनामा ३ लाख ९३ हजार २ सय १९ ले बढी हो। लाभग्राहीको संख्या अघिल्लो आव २०७८/७९ मा ३६ लाख २ हजार ७ सय ५ पुगेको देखिन्छ। जुन यस अघिको आवको तुलनामा १ लाख ४७ हजार २ सय ५९ ले बढी हो भने गत आवमा आव २०७८/७९ को तुलनामा १ लाख ९७ हजार ५ सय ७२ ले बढी हो। चालु आव २०८०/८१ का लागि मात्रै सरकारले ज्येष्ठ नागरिक भत्तालगायत सामाजिक सुरक्षा कार्यक्रमका लागि १ खर्ब ५७ अर्ब ७३ करोड रुपैयाँ विनियोजन गरेको छ।

### बर्सेनि दायित्व थपिंदै

सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको संख्या बढेसँगै यसका लागि सरकारले बर्सेनि व्यहोर्दै आएको आर्थिक दायित्व पनि थपिँदै गएको छ। विभागका अनुसार आव २०७५/७६ का लागि सरकारले सामाजिक सुरक्षा भत्ता दिन ४० अर्ब ९९ करोड १३ लाख ८६ हजार विनियोजन गरेको थियो। जसमा ४० अर्ब २१ करोड ९६ लाख ७९ हजार खर्च भएको थियो। चालु आवसम्ममा आइपुग्दा खर्च १ खर्ब ५७ अर्ब ७३ करोड बराबर पुगेको छ। जुन करिब चार गुणाले वृद्धि हो।

आर्थिक सर्वेक्षण २०७९/८० अनुसार आव २०७६/७७ का लागि रू ६८ अर्ब ३१ करोड ४ लाख ७८ हजार बराबर विनियोजन भएकोमा रू ६६ अर्ब २२ करोड १७ लाख ५२ हजार बराबर खर्च भएको थियो। आव २०७७/७८ का लागि सरकारले ७० अर्ब ३९ करोड छुट्याएकामा ६८ अर्ब ६५ करोड बराबर खर्च भएको थियो। अघिल्लो आव २०७८/७९ मा ९६ अर्ब ६ करोड खर्च भएको थियो। २०७९/८० मा १ खर्ब ५ अर्ब ७१ करोड बराबर विनियोजन गरेको थियो। जुन रकम गत आर्थिक वर्षका लागि सरकारले गरेको कुल बजेट विनियोजनको करिब ६ प्रतिशत बराबर हो।

### कस्ताले पाउछन् भत्ता ?

सामाजिक सुरक्षा ऐनको व्यवस्थाअनुसार ज्येष्ठ नागरिक, अन्य ज्येष्ठ नागरिक र दलित नागरिक, एकल महिला, विधवा, पूर्ण अपांगता भएका, अति अशक्त अपांगता, लोपोन्मुख जाति र बालबालिका गरी सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही आठ प्रकारका छन्। गत असार मसान्तसम्म सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही संख्याको आधारमा ६८ वर्ष उमेर पुगेका १६ लाख २७ हजार नौ सय २१ जना ज्येष्ठ नागरिकले सामाजिक सुरक्षा भत्ता पाइरहेका छन्। ज्येष्ठ नागरिकले मासिक चार हजार रुपैयाँ वृद्धभत्ताका रुपमा पाइरहेका छन्।

६० वर्ष उमेर पुगेका साविक कर्णालीका जिल्लाहरूका नागरिक र दलित समुदायका व्यक्तिले मासिक दुई हजारका दरले भत्ता पाउँछन्। गत असार मसान्तसम्ममा यस्तो भत्ता पाउने व्यक्तिको संख्या एक लाख ६९ हजार चार सय २३ जना छ। त्यस्तै, ६० वर्ष उमेर पुगेका सम्बन्धविच्छेद गरी अर्को विवाह नगरेका वा न्यायिक पृथकीकरण गरी बसेका महिलालाई र पतिको मृत्यु भएको ६० वर्ष उमेर पुगेका एकल महिला लाभग्राहीको संख्या २ लाख १२ हजार ६ सय ७० छ। यस्ता व्यक्तिलाई मासिक २ हजार ६ सय ६० का दरले भत्ता वितरण हुने गरेको छ। पतिको मृत्यु भएका विधवा महिलाको संख्या ३ लाख ६१ हजार एक सय ६१ जना छ। विधवालाई मासिक २ हजार ६ सय ६० दरले भत्ता वितरण हुने गरेको छ।

पूर्ण अपांगता भएका 'क' वर्ग' अर्थात् रातो रंगको अपांगता परिचय पत्र प्राप्त गरेका जुनसुकै उमेरका व्यक्तिले मासिक ३ हजार ९ सय ९० दरले भत्ता पाउँछन्। गत असार मसान्तसम्ममा यस्ता सुविधा पाउने लाभग्राहीको संख्या ६६ हजार २ सय ८१ जना छ। अति अशक्त अपांगता भएका 'ख वर्ग' अर्थात् नीलो रंगको अपांगता परिचय पत्र प्राप्त गरेका १ लाख ३८ हजार ७ सय १६ लाभग्राही छन्। उनीहरुलाई मासिक रू २ हजार १ सय २८ बराबर भत्ता वितरण हुने गरेको छ।

लोपोन्मुख आदिवासी तथा जनजातिअन्तर्गतका कुसुन्डा, वनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे र कुसवडिया, पत्थरकट्टा, सिलकट, कुशवधिया, कुचबधिया गरी २२ हजार २ सय ८ जनालाई मासिक ३ हजार ९ सय ९० का दरले भत्ता वितरण भइरहेको छ। सरकारले तोकेका निश्चित क्षेत्र तथा जिल्ला र देशभरिका दलित परिवारका पाँच वर्ष उमेर ननाघेका एक आमाबाट जन्मिएका बढीमा दुई सन्तानसम्मले मासिक रु ५ सय ३२ का बराबर सामाजिक सुरक्षा भत्ता पाउँछन्। यस्तो सुविधा पाउने लाभग्राहीको संख्या गत असार मसान्तसम्ममा १२ लाख १ हजार ८ सय ९७ जना छ। स्रोतः विजमाण्डु/रासस।

# मकवानपुर बालविद्या सदन

## हेटौंडा-१८, खड्कुले

## हाम्रो सामाजिक समस्या

### गजल



**आयुष दुलाल**

पारस्परिक सम्बन्धको जालो हो हाम्रो समाज
अनेकतामा एकता सिक्ने मुल स्रोत हो समाज

विकासको अवधारणालाई, अङ्गाल्छ हाम्रो समाज
समानता र समानुभूतिको भाव, बुझ्दछ हाम्रो समाज

निरन्तर काममा चलाए हातपाउ, बन्नेछ हाम्रो समाज
परस्पर सहयोग गरेर सबैलाई, बनाऔं राम्रो समाज

कक्षा-१०



**सुजाता बराईली**

किन बाँधिन्छन् समाजको डरले नारीका हात पाउ ?
किन पोख्दैनन् पीडा, खोज्दैनन् न्याय, बोकेर मनमा घाउ ?

समाजको हित गर्नेलाई यहाँ यो समाजबाटै धपाउँछन्
त्यसैले आँट मारेर नारीहरु हिंसालाई घरमै दबाउँछन्

अशिक्षा अनि अन्धविश्वास हो, हाम्रो समाजको व्यथा
एक्काइसौं शताब्दीमा तिलक अनि अझै छ छाउपडी प्रथा

बालविवाहलाई पनि स्वीकार गर्ने कस्तो यो हाम्रो समाज
सामाजिक समस्या विरुद्ध अब उठ्नेछन् हाम्रो आवाज

चुरोटको धुँवा र नशामा यहाँ डुबी रहेका छन् युवा पिढी
बनेर सवल, भएर सफल कसरी चढ्लान जीवनको सिंढी ?

बोकेर देश बनाउने विश्वास, मिलेर हिंडौं विकासको पथ
विभेदरहित विकसित नेपाल बनाउन सबैले खाउँ सपथ।

कक्षा-१०

# नागढुंगा-नौबिसे सुरुङमार्गको रेस्क्यु टनेलको भयो 'ब्रेक थ्रु'

काठमाडौं: नागढुंगा-नौबिसे सुरुङमार्गको रेस्क्यु टनेलको सोमबार 'ब्रेक थ्रु' भएको छ। चार वर्ष अगाडि ४ कात्तिक २०७६ मा शिलान्यास भई निर्माण थालिएको रेस्क्यु टनेलको सुरुङमार्ग निर्माणको काम सोमबार पूरा भएको हो। आइतबार दिउँसोसम्म एक मिटर मात्र रेस्क्यु टनेलको काम बाँकी रहेको थियो। जसलाई सोमबार भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाको उपस्थितिमा 'ब्रेक थ्रु' गरियो।

यो रेस्क्यु टनेलको लम्बाइ २.५ किलोमिटर रहेको छ। २.६ किलोमिटर लम्बाइको मुख्य टनेलको काम अब १८ प्रतिशत बाँकी रहेको आयोजनाले जनाएको छ। मुख्य टनेलमा अब ५ सय ६ मिटर खन्न बाँकी रहेको छ। यो नेपालको पहिलो ठूलो सुरुङमार्ग हुनेछ। यो आयोजनाको अध्ययन सन् २०१४ मा भएको हो। सन् २०१६ मा स्रोत सुनिश्चित भएपछि सन् २०१७ मा डिजाइनको काम सुरु भएको थियो। जापानी ठेकेदार कम्पनी हाजमा-आन्दो जेभीले यस आयोजनामा काम गरिरहेको छ। यो कम्पनी कोटेश्वर-सूर्यविनायक खण्ड बिस्तार तथा विपी राजमार्ग निर्माणमा समेत सफल भएको थियो।

नागढुंगा सुरुङमार्गको डिजाइन जापान सरकारको सहयोगमा भएको हो। कर बाहेक साढे १३ अर्ब रुपैयाँमा यो आयोजनाको ठेक्का लागेको हो। यो सुरुङमार्गलाई त्रिभुवन राजपथसँग जोड्न २.८७ किलोमिटर पहुँचमार्ग समेत बनिरहेको छ। सुरुङसम्म पहुँचमार्गका लागि गुर्जुधारा चोक र सुरुङको मुख नजिकै २ वटा फ्लाइओभर समेत सँगै बनिरहेका छन्। गुर्जुधाराको फ्लाइओभर ६१० मिटर लामो हुँदैछ।

सुरुङमार्ग र पहुँचमार्गसमेत गरी कुल लागत भने २२ अर्ब भन्दा माथिको हो। नौबिसेदेखि थानकोटसम्मको घुमाउरो र भिरालो सडकका कारण हुने बाक्लो ट्राफिक जाम हटाउने उद्देश्यले सुरुङमार्ग निर्माण थालिएको हो।

स्रोतः अनलाइनखबर।

## पूर्ण स्तनपानका...

किनकि यहाँ केही पनि निःशुल्क पाइँदैन। यसका साथै सम्बन्धित निकायले पनि कडा रुपमा यस कानुनलाई अघि बढाएमा यस्ता वस्तुहरुको विक्री वितरणमा पनि केही नियन्त्रण गर्न मद्दत पुग्छ।

यसले सिधै आमाहरुलाई पूर्णरुपले स्तनपान गराउनका लागि थप प्रोत्साहन भने पक्कै दिन्छ।

३) तेस्रो चुनौतीको रुपमा सुत्केरी बिदालाई लिन सकिन्छ। कतिपय हाम्रा छिमेकी राष्ट्रहरुमा जस्तैः बंगलादेश, भारतमा सुत्केरी बिदा १८० दिन वा ६ महिनासम्म छ भने हाल नेपालका सरकारी कार्यालयहरुमा ९८ दिनको तलबी सुत्केरी बिदा पाइन्छ।

प्राइभेट अफिसमा त त्यो पनि पाइँदैन भने ज्यालादारी कामकाजी महिलाका निमित्त त यो केबल सपना मात्र हुनसक्छ। कामकाजी महिलाहरुले पनि आफ्नै दूध संकलन गरी बच्चालाई खुवाउन सकिन्छ भन्ने ज्ञान अलि कम नै पाइन्छ। यसबाहेक दूध संकलन घर तथा अफिसमा पनि गर्न सकिने भएको हुँदा यस्तो सुविधाहरु उपलब्ध गराउन सकिएमा पनि यसले बच्चालाई त फाइदा हुने भइहाल्यो, अफिसलाई पनि अदृश्य फाइदा हुन जान्छ।

झट्ट सुन्दा लामो तलबी बिदा दिँदा कतै अर्थतन्त्रमा त नकारात्मक असर पर्ने हैन भन्ने तर्क आउन सक्छ। तर यसलाई गहिरिएर विचार गर्ने हो भने पूर्ण स्तनपानले दीर्घकालीन फाइदा परिवार, कार्यालय, समाज अनि पूरै राष्ट्रलाई पुग्न जान्छ।

पूर्ण स्तनपान गरेका बालबालिकाहरु कम बिरामी हुन्छन्। यसले औषधि उपचारको खर्च बच्छ र साथै आमाबुवाले पनि कामबाट कम नै छुट्टी लिनुपर्ने हुन्छ। स्वस्थ बच्चा हुँदा परिवारमा सौहार्दता पनि ल्याउँछ अनि यसले काममा पनि अदृश्य ऊर्जा ल्याउन मद्दत गर्दछ।

बट्टाको दूध मात्र दिने गरिएको छ भने ६ महिनासम्म झन्डै २४ देखि ३० बट्टा त दूधमा नै खर्च हुन्छ।

यदि नेपालमा जन्मिएका सबै बच्चाले बट्टाको मात्र खाने हो भने यो हाम्रो पूरा स्वाथ्य्य बजेटले पनि अपुग देखिन्छ। यसका साथै दूध तयार गर्न चाहिने इन्धन र समयको हिसाब किताब नै छैन।

यसबाहेक पूर्ण स्तनपान गर्ने बच्चाको मानसिक विकास पनि सोही अनुसार स्तनपान नगर्ने बच्चाको भन्दा बढी पाइएको धेरै अनुसन्धानहरुले प्रमाणित गरिसकेको छ र भविष्यमा गएर यसले साक्षरतालाई अघि बढाउन ठूलो भूमिका खेल्दछ।

यही फाइदाहरु थाहा पाएर नै होला कतिपय विकसित देशहरुमा स्तनपानलाई निकै प्रत्साहन गर्ने र कतिपय राष्ट्रहरुमा त झन्डै १ वर्षसम्म पनि सुत्केरी बिदा दिने गरेको पाइन्छ।

नेपालको सन्दर्भमा हाल कमसेकम अरु सार्क राष्ट्रजस्तै १८० दिन सुत्केरी बिदाको पहल हुन थालेको छ।

परिवार कल्याण महाशाखाले उक्त ६ महिना सुत्केरी बिदाका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पत्राचार गरिसकेको र त्यहाँबाट पनि कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयमा पेश भैसकेको अवस्थामा अब सो कानून मन्त्रालयबाट छिटो भन्दा छिटो पारित गर्नका लागि सहृदय विनम्र अनुरोध गर्दछु।

सो पारित भएर मन्त्रिपरिषदबाट पनि सो बिदा छिट्टै नै पारित हुने आशा पनि देखिन्छ। यो कानूनले समस्त महिला र बालबालिकाहरूको स्तनपान गराउन र गर्न पाउने मौलिक अधिकारलाई संरक्षण गरी अमूल्य भूमिका खेल्ने कुरामा दुईमत नहोला।

(डा.श्रेष्ठ महाराजगञ्ज मेडिकल क्याम्पसकी सहप्राध्यापक, विशिष्ट बाल विशेषज्ञ हुन्। स्रोतः सेतोपाटी)

# बाघको आक्रमणबाट एकजनाको मृत्यु

**समाज संवाददाता**

हेटौंडाः चितवन जिल्लाको खैरहनी नगरपालिका-१२, घोग्रेलामा बाघको आक्रमणमा परी एकजनाको मृत्यु भएको छ।

आइतबार साँझ ७ बजेको समयमा घोग्रेलास्थित केराबारीको बीचमा खैरहनी नगरपालिका-११, केराबारीका ३५ वर्षीय अनिल तामाङको बाघको आक्रमणमा परी मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ। नुवाकोट जिल्ला स्थायी घर भएका तामाङ केराबारीस्थित मामाघरमा बस्दै आएको प्रहरीले जनाएको छ। आइतबार अबेर राती मात्रै मृतकको सनाखत भएको प्रहरीले जनाएको छ।

# काउली प्रतिकेजी ६० रुपैयाँ

**समाज संवाददाता**

हेटौंडाः हेटौंडामा काउलीको थोक मूल्य प्रतिकेजी ६० रुपैयाँ पुगेको छ। काउलीको उपभोक्ता मूल्य भने प्रतिकेजी ८० रुपैयाँदेखि १ सय २० रुपैयाँ रहेको छ। हेटौंडा-१, राप्तीबगरस्थित तरकारी व्यवसायी रोहित मानन्धरले काउलीको मूल्य स्थिर रहेको जानकारी दिनुभयो।

काउली करिब १५ दिन अगाडि उपभोक्ता मूल्य प्रतिकेजी १ सय २० रुपैयाँमा बिक्री भइरेको थियो। काउली मकवापुर जिल्लाको उत्तरी क्षेत्र थाहा नगरबाट किसानले पठाउँछन्। मकवानपुरमा उत्पादित काउली मकवानपुर जिल्लासँगै जिल्ला बाहिर पनि निर्यात हुँदै आइरहेको मानन्धरले जानकारी दिनुभयो। काउली, बन्दा मकवानपुरको थाहा नगरपालिका उपयुक्त ठाउँ रहेकोले विशेषगरी त्यहाँबाट ल्याउने गरेको छ। यसैगरी तरकारीहरु बन्दा प्रतिकेजी ३०, लौका प्रतिकेजी ३०, चिचिन्डा प्रतिकेजी ४०, मुला प्रतिकेजी ५० र भिन्डी प्रतिकेजी ४० रुपैयाँमा बिक्री भइरहेको छ।

# वर्षाले पृतनापति ट्रफी प्रभावित

समाज संवाददाता

हेटौंडाः भारी वर्षाका कारण भीमफेदी गाउँपालिका-१, सुपारेटारस्थित मध्यपृतना हेटक्वार्टरमा जारी पृतनापति ट्रफी २०८० अन्तर्गत सोमबार दिउँसो तय भएका खेल प्रभावित भएको छ । सोमबार बिहान नयाँ सबुज गण र जबरजंग गणबीचको भलिबल खेल सम्भव भए पनि साँझको खेल भने वर्षाका कारण प्रभावित भयो ।

सोमबार बिहान जबरजंग गणले नयाँ सबुजलाई ३-१ को सेटमा पराजित गऱ्यो । यस्तै साँझ गोरखबहादुर गण र शिवदल गणबीचको खेल भने वर्षाले प्रभावित भएको मेजर नीरकुमार कार्कीले जानकारी दिनुभएको छ । यस्तै सोमबार देखि बास्केट बलअन्तर्गतका प्रतिस्पर्धा पनि सुरु भएको छ । बास्केटबलको पहिलो खेलमा गोरखबहादुर गणले जबरजंग गणलाई ५९-२३ अंकसहित फराकिलो जीत दर्ता गऱ्यो । सोमबार बिहानै भएको दोस्रो खेलमा शिवदल गणले नयाँ सबुज गणलाई ५८-२५ अंकको फराकिलो अन्तरले पराजित गरेको छ ।

सोमबार दिउँसोका लागि तय भएका अन्य खेलहरु भने वर्षाका कारण प्रभावित भएको बताइएको छ । शुक्रबारदेखि सुरु भएको पृतनापति ट्रफी बिहिबार सकिनेछ । पृतनापति ट्रफीमा ७ वटा विभिन्न खेल तथा ३ वटा प्रदर्शनात्मक खेलको आयोजना गरिएको छ । पृतनापति ट्रफीमा सहभागी मध्येबाट उत्कृष्ट खेलाडी छनोट गरी प्रधानसेनापति ट्रफीमा सहभागी गराइनेछ ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
The Voice of Community

# सामुदायिक वन उपभोक्ताद्वारा धर्ना



समाज संवाददाता

हेटौंडाः सामुदायिक वन उपभोक्ता महासंघ बागमती प्रदेशले मुख्यमन्त्री कार्यालयअगाडि धर्ना दिँदै आएको छ । बागमती प्रदेश सरकारले आर्थिक ऐनमार्फत् ल्याएको सामुदायिक वनलाई २० प्रतिशत कर लगाउने व्यवस्थाप्रति असहमति जनाउँदै धर्ना दिइरहेको हो ।

सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरुको सहभागितामा एक सातादेखि निरन्तर धर्ना दिइरहेको महासंघको बागमती प्रदेश अध्यक्ष बिनोद सापकोटाले बताउनुभयो । बागमती प्रदेश सरकारको आर्थिक ऐन २०८० को दफा २० मा उल्लेखित २० प्रतिशत कर लिने व्यवस्था खारेज माग गर्दै धर्ना दिइएको उहाँले जानकारी दिनुभयो ।

बागमती प्रदेश वन ऐन संशोधन गर, सामुदायिक वन अधिकारको ग्यारेन्टी गर, सामुदायिक वनमाथि लगाइएको तेहेरो कर खारेज गर, वन संरक्षण क्षेत्र बिस्तार बन्द गर, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२५ खारेज गर, दिगो वन व्यवस्थापनका माध्यमबाट वन व्यवस्थापन प्रक्रिया तत्काल लागू गरलगायत नारासहित धर्ना दिइएको छ । धर्ना कार्यक्रमलाई सम्बोधन गर्दै सापकोटाले स्थानीय जनताको हक र अधिकार स्थापनाका लागि जनताले संघर्ष गरेर ज्यानसमेत गुमाउनु परेको बताउनुभयो ।

# अवैध राखी फेला

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१५, चुरियामाईमा मकवानपुर प्रहरीले अवैध राखी (रक्षाबन्धन) फेला पारेको छ । आइतबार दिउँसो १ बजेर २० मिनेटमा सवारी चेकिङ गर्ने क्रममा प्रहरीले बसभित्रबाट अवैध राखी फेला पारेको हो । सिन्धुलीबाट पोखरा जाँदै गरेको ग १ ख ५६६५ नम्बरको बसलाई सुरक्षाजाँच गर्दा प्रहरीले बसबाट १४ हजार ५ सय रुपैयाँ बराबरको ७ सय २८ थान राखी फेला पारेको थियो । अवैध राखी नियन्त्रणमा लिई बसलाई गन्तव्यमा पठाएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

## महिला विश्वकप फुटबल

# अष्ट्रेलिया र इंग्ल्याण्ड क्वाटरफाइनलमा

समाज संवाददाता

हेटौंडाः अष्ट्रेलिया र न्यूजिल्याण्डले संयुक्तरुपमा आयोजना गरेको महिला विश्वकप फुटबल प्रतियोगिताअन्तर्गत आयोजक अष्ट्रेलिया र इंग्ल्याण्ड क्वार्टरफाइनलमा प्रवेश गरेको छ । सोमबार भएको पहिलो खेलमा टाइब्रेकरमा नाइजेरियालाई पराजित गर्दै इंग्ल्याण्ड क्वाटरफाइनलमा प्रवेश गरेको हो । यस्तै अष्ट्रेलियाले डेनमार्कलाई २-० गोलअन्तरले पराजित गर्दै क्वाटर फाइनल प्रवेश गरेको हो ।

प्रि-क्वाटरफाइनलमा नाइजेरियालाई टाइब्रेकरमा ४-२ ले पराजित गर्दै इंग्ल्यान्डले अन्तिम आठमा स्थान पक्का गरेको हो । निर्धारित र थप गरिएको समयमा कुनै गोल निस्कन नसकेपछि खेलको निर्णय टाइब्रेकरमा लिइदा इंग्ल्याण्डले बाजी मारेको हो । त्यसअघि ब्रिसवन स्टेडियम अष्ट्रेलियमा भएको खेलमा १० खेलाडीमा समेटिएको इंग्ल्यान्डले बल पोसेसन राख्दै लगातार दवाव सिर्जना गरेपनि नाइजेरियाको बलियो रक्षापङ्क्ति तोड्न नसक्दा खेल अतिरिक्त समय हुँदै टाइब्रेकरमा लम्बिएको थियो ।

सोमबार नै भएको दोस्रो खेलमा अष्ट्रेलियाको जितमा केटलिन फुर्ड र हेले रासोले गोल गरिन् । पहिलो र दोस्रो हाफमा समान एक गोल भएको थियो । अष्ट्रेलिया ८ वर्षपछि विश्वकपको क्वाटर फाइनलमा पुग्न सफल भएको हो । यसअघि अष्ट्रेलिया सन् २००७, २०११ र २०१५ मा गरी लगातार तेस्रोपटक फाइनलमा पुग्न सफल भएको थियो । अष्ट्रेलिया क्वाटरफाइनलभन्दा अघि बढ्न सकेको छैन ।

# हेटौंडामा टेबल टेनिस प्रतियोगिता हुँदै

समाज संवाददाता

हेटौंडाः हेटौंडामा आगामी शुक्रबार र शनिबार जिल्लास्तरीय टेबुल टेनिस प्रतियोगिता हुने भएको छ । नेपाल एमाले निकट खेलकुद महासंघ मकवानपुरको आयोजनामा प्रतियोगिता हुन लागेको हो ।

प्रतियोगिता हेटौंडा-४, पारिजातपथस्थित बहुउद्देश्यीय कभर्ड हलमा हुने महासंघ मकवानपुरका सचिव संगीत श्रेष्ठले जानकारी दिनुभयो । प्रतियोगितामा प्रथम हुनेलाई ५ हजार रुपैयाँ र द्वितीय हुनेलाई ३ हजार रुपैयाँ पुरस्कार प्रदान गरिने उहाँले बताउनुभयो । प्रतियोगितामा जिल्लाभित्रका खेलाडीहरुले मात्र सहभागिता जनाउन पाउनेछन् ।

ज्ञानदीप शिक्षा (जी.एस.) निकेतन माध्यमिक वियालय

सूचना प्रकाशित मिति : २०८०/०४/२२ गते

शिक्षक आवश्यकता

यस विद्यालयका लागि प्राथमिक तहमा निम्न विषयका शिक्षकहरू करारमा नियुक्ती गर्नुपर्ने भएकोले तपसिल अनुसारको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट रीतपूर्वक दरखास्त आव्हान गरिन्छ ।

तपसिलः

| क.स. | तह/विषय | आवश्यक संख्या | न्यूनतम शैक्षिक योज्यता |
|---|---|---|---|
| १. | प्रा.शि. | अङग्रेजी १ जना | मूख्य विषय अङग्रेजी लिई +२ तह उत्तीर्ण |
| २. | प्रा.शि. | गणित १ जना | मुख्य विषय गणित लिई +२ तह उत्तीर्ण |

१. परीक्षाको किसिमः लिखित, कक्षा अवलोकन र अन्तरवार्ता
२. उमेरः १८ वर्ष पूरा भई ४० बर्ष ननाघेको
३. दरखास्त दिने अन्तिम मितिः २०८० श्रावण २२ गतेदेखि भाद्र १ गते विद्यालय समयभित्र
४. लिखित परीक्षाः २०८० भाद्र २ गते शनिबार विहान ११ बजे, विद्यालयमा
५. परीक्षा दस्तुरः प्रा.वि. तहको लागि १,०००/- (एक हजार)
६. आवश्यक कागजातः नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, हस्तलिखित आवेदन र फोटो ।
७. पाठ्यक्रमः शिक्षक सेवा आयोगको नयाँ पाठ्यक्रम अनुसार नि.मा.वि. तहको विषयगत तर्फबाट मात्र १०० अङकको लिखित परीक्षा हुनेछ ।

**अध्यापन अनुमतिपत्र अनिवार्य छैन ।**

**प्रिन्सिपल**
**ईश्वरप्रसाद लामिछाने**
**जी. एस. निकेतन मा. वि. हेटौंडा-५**
**सम्पर्क फोनः ०५७-५२३४१५, ९८५५०६९१८४**

हार्दिक श्रद्धाञ्जली

महालक्ष्मी विकास बैंक लिमिटेडको हेटौंडा-८, कमाने शाखामा कार्यरत अधिकृतस्तरकी कर्मचारी श्री **सरिना मानन्धर** को निधनको खबरले हामी मर्माहत भएका छौं । यस दुखद् घडीमा उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं । साथै शोकाकुल परिवार जनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।



जन्मः २०४०/०१/१० | स्व. सरिना मानन्धर | स्वर्गारोहणः २०८०/०४/१३

शम्भुप्रसाद पराजुली,
प्रदेश प्रमुख, बागमती प्रदेश कार्यालय (ख), चितवन

Think before you print.

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.

एवम् महालक्ष्मी विकास बैंक लि. परिवार

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ